नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८३ श्रावण १ गतेदेखि २०८३ असोज मसान्तसम्म)

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

१. निकायको स्वरुप र प्रकृति

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सीपयुक्त आवश्यक युवा जनशक्तिको विकास, श्रमको क्षेत्रमा व्यवसायजन्य सुरक्षाको प्रवर्द्धन तथा बालश्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यस मन्त्रालयको जिम्मेवारी रहेको छ ।

मन्त्रालयको स्थापना हुनु अघि वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको थियो । श्रम विभाग स्थापना भएको एक दशक पछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकार (मन्त्रिपरिषद) को कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भई श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम भयो । यसै क्रममा वि.स.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगि श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो । मिति २०७४।१२।०३ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नामाकरण भई हाल पुनः नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम मन्त्रालयको नाम युवा, श्रम तथा रोजगार मन्त्रालय कायम भएको छ।

२. मन्त्रालयको कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम तोकिएको छ ।

१. युवासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
२. युवा जागरण तथा विकास;
३. युवा स्वरोजगार कोष;
४. श्रम तथा आन्तरिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
५. वैदेशिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन;
६. वैदेशिक रोजगारमा जाने कामदारको सुरक्षा, हक हित संरक्षण, प्रवर्द्धन;
७. औद्योगिक विवाद समाधान;
८. रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान;
९. श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम-सम्बन्ध;
१०. रोजगार उन्मुख सीपमूलक एवम् व्यावसायिक तालिम नीति;
११. ट्रेड युनियनसम्बन्धी एकीकृत कानून र नियमन;
१२. बालश्रम निवारणसम्बन्धी नीति र कानून;
१३. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानून र मापदण्ड;
१४. विदेशीहरूका लागि श्रम स्वीकृति;
१५. बेरोजगारसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान;
१६. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्गसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;
१७. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. निकायमा रहेका महाशाखा एवम् शाखाहरुको विवरणः


यस मन्त्रालय अन्तर्गत प्रशासन तथा योजना महाशाखा, श्रम सम्बन्ध तथा आप्रवासन महाशाखा र युवा महाशाखा रहेका छन् । प्रशासन तथा योजना महाशाखा अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, नीति. योजना तथा बहुपक्षीय समन्वय शाखा, सुशासन तथा गुनासो व्यवस्थापन शाखा र कानून तथा फैसला कार्यान्वयन शाखा रहेका छन् । श्रम सम्बन्ध तथा आप्रवासन महाशाखा अन्तर्गत श्रम सम्बन्ध तथा कल्याण शाखा, व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखा, आप्रवासन नीति शाखा र वैदेशिक रोजगार व्यवस्थापन शाखा रहेका छन् । त्यस्तैगरी युवा महाशाखा अन्तर्गत सीप विकास समन्वय शाखा, रोजगार व्यवस्थापन शाखा, युवा व्यवस्थापन शाखा र सूचना प्रविधि तथा तथ्यांक शाखा रहेका छन् । उपरोक्त महाशाखा तथा शाखाहरुको विस्तृत कार्य विवरण यस मन्त्रालयको वेवसाइट www.moless.gov.np मा राखिएको छ ।

४. निकायमा रहने दरवन्दी र कर्मचारी संख्या

नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत दरवन्दी चार्ट अनुसार हाल यस मन्त्रालयमा राजपत्रांकित र राजपत्र अनंकित गरी कूल दरबन्दी संख्या ७८ रहेको छ । यस मन्त्रालयको दरवन्दी एवम् सँगठन संरचना देहाय बमोजिम रहेको छः-

अनुसूची -१.१

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
प्रस्तावित संगठन संरचना



नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. प्रमुख एवम् उजुरी सुन्ने अधिकारी र सूचना अधिकारीको नाम र पद

प्रमुखः डा. दिपक काफ्ले, सचिव
प्रवक्ताः श्री मीरा आचार्य, सह-सचिव
सहायक प्रवक्ताः श्री जगदीश पराजुली, उप-सचिव
सूचना अधिकारीः श्री जगदीश पराजुली, उप-सचिव
गुनासो सुन्ने अधिकारीः श्री गुरुदत्त सुवेदी, उप-सचिव
लैङ्गिक सम्पर्क अधिकारीः श्री रेणुका शाह, शाखा अधिकृत
मन्त्रालयको वेवसाइटः www.moless.gov.np

६. नीति, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

नीति

- राष्ट्रिय रोजगार नीति,२०७१
- वैदेशिक रोजगार नीति,२०६८
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६

ऐन

- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- वैदेशिक रोजगार ऐन, २०६४
- ट्रेड युनियन ऐन, २०४९
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बोनस ऐन,२०३९

नियमावली

- वैदेशिक रोजगार नियमावली,२०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५
- श्रम नियमावली, २०७५
- श्रम अदालत कार्यविधि नियमावली, २०५२
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- सामाजिक सुरक्षा कोष नियमावली,२०७५
- बालश्रम(निषेध र नियमित गर्ने) नियमावली,२०६२
- बोनस नियमावली, २०३९
- ट्रेड युनियन नियमावली, २०५०
- बालबालिका (विकास तथा पुनस्थापना) कोष नियमावली, २०५३

मुख्य निर्देशिका/कार्यविधि/मापदण्ड

- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५
- श्रम अडिट मापदण्ड, २०७५
- ध्वनी र प्रकाश सम्बन्धी मापदण्ड,२०७३
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण र अनुगमन सम्बन्धी कार्यविधि, २०७२
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- वैदेशिक रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७४
- वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन कार्यविधि, २०६८
- कार्यस्थलमा आधारित एप्रेन्टिशिप तालिम कार्यविधि, २०७६
- आन्तरिक व्यवस्थापन निर्देशिका, २०७५
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५
- विदेशी नागरिकहरुको श्रम इजाजत व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७३
- ईट्टा उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७६
- इजरायलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७८
- जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिस गर्ने कार्यविधि, २०८०
- श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१
- काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी मापदण्ड, २०८१
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. मन्त्रालयको शाखागत रुपमा सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः

(क) प्रशासन तथा योजना महाशाखा

१. <u>प्रशासन शाखा</u>

सि.नं.	विषय	कार्य प्रगति
१	नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन	• यस मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्तुत हुने विभिन्न प्रस्तावहरु प्रणाली मार्फत पठाउन सहजीकरण गरी Cabinet Decision Implementation Monitoring System मार्फत यस मन्त्रालयलाई प्राप्त हुने प्रगति विवरणहरु नियमित रुपमा अध्यावधिक गरिएको ।
२	सरुवा/काज/पदस्थापन/ रमाना/नियुक्ति	• यस अवधिमा जम्माः- क) सरुवा - २२ ख) पदस्थापना- २५ ग) रमाना- १८ घ) नियुक्तिः १ ङ) अनिवार्य अवकाश/राजिनामा स्वीकृत- X
३	मनोनयन	• वेदेशिक मनोनयन- विभिन्न विषयका २ वटा कार्यक्रमहरुमा सहभागी हुन मनोनयन गरिएको । • सेवाकालीन प्रशिक्षण तालिम मनोनयन - X जना
४	पत्राचार/संचार	• यस अवधिमा जम्मा ३९९ वटा चीठ्ठीपत्रहरु विभिन्न निकायमा पत्राचार गरिएको।
५	खरिद सम्बन्धमा	• स्वीकृत वार्षिक कार्यक्रम अनुसार मन्त्रालयको सरसफाई तथा माली सम्बन्धी कार्य, विद्युतीय उपकरणहरुको मर्मत तथा सम्भारको लागि वार्षिक सेवा करार सम्बन्धी कार्य र लिफ्ट मर्मत तथा सम्भार सम्बन्धी कार्यका लागि कार्य सम्झौता तथा कार्यादेश दिइएको ।
६	जिन्सी व्यवस्थापन	• यस मन्त्रालयको स्वामित्वमा रहेका सवारी साधन र अन्य सम्पत्तिहरुको विवरण PAMS मा नियमित अध्यावधिक भइरहेको।
७	अन्य	• सचिवस्तरीय बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति विवरण नियमित रुपमा पठाइएको । • वैदेशिक रोजगार बोर्ड र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदपूर्तिका लागि सिफारिस समितिको सचिवालयको रुपमा कार्य सम्पन्न गरेको । • यस मन्त्रालयसंग सम्बन्धित सूचनाहरु सम्बन्धमा लिखित निवेदन दिई माग भएका सूचनाहरु उपलब्ध गराइएको ।

२. <u>नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा</u>

- मन्त्रालय र अन्तर्गत निकायको गत आ.व. ०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालय स्तरीय समस्या समाधान समितिको बैठक २०८३।०४।१४ गते सम्पन्न भएको ।
- चालु आ.व. ०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको विस्तृत कार्यान्वयन कार्ययोजना मिति २०८३।०६।२३ मा तयार गरी मन्त्रालय मातहतका निकायहरुमा पत्राचार गरिएको ।

- यस मन्त्रालय र अन्तर्गत निकायहरुबाट सम्पादन भएका गत आ.व. ०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पुस्तिका तयार गरिएको ।
- यस मन्त्रालय र अन्तर्गत निकायहरुबाट सम्पादित चालु आ.व.को वार्षिक कार्यान्वयन कार्ययोजना (माइलस्टोन) र वार्षिक नीति तथा कार्यक्रमको विस्तृत कार्यान्वयन कार्ययोजना DIP को प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको ।
- चालु आ.व. ०८३/८४ मा सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम ६२६ स्थानीय तहमा विस्तार गर्नुका साथै १०२ वटा इलाका प्रशासन कार्यालयहरुमा आप्रवासी स्रोत उपकेन्द्र (sub-MRC) सञ्चालन भइरहेको ।

३. आर्थिक प्रशासन शाखाः

आ.व. ०८३/८४ — २०८३ श्रावण १ देखि असोज मसान्त सम्म

बजेट कोड	बजेट उपशीर्षक	बजेट				खर्च			
		चालु	पुँजीगत	वित्तीय	जम्मा	चालु	पुँजीगत	वित्तीय	जम्मा
३७१०००११	श्रम, रोजगार तथा सा.सु.मं.	२३९६१८६४५	१०८६०००००	०	३२८२१८६४५	४८९९६१६९	७५६८८९	०	९१२७१८०९
३७१००१०१	रोजगार प्रवर्द्धन कार्यक्रम	३१८५५००००	६८३००००	०	३२५३८००००	२८७२५३	०	०	२८७२५३
६०१०००१२३	उपदान	०	०	०	०	०	०	०	०
६०१०००१३३	संचित विदा	०	०	०	०	०	०	०	०
६०१०००१६३	औषधी उपचार	०	०	०	०	०	०	०	०
३७१००१०२	राष्ट्रिय रोजगार कार्यक्रम	१६८०००००	१५०००००	०	१८३०००००	२३२९०४६	०		२३२९०४६
३७१००१०४	वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण	१८७५०००००	३३०००००	०	१९०८०००००	०	०	०	०
कूल जम्मा		७६२४६८६४५	१२०२३००००	०	८६२६९८६४५	५१६१२४६८	७५६८८९		९३८८८१०८

- प्रस्तुत आँकडा अनुसार प्रथम त्रैमासिक अवधिमा कूल चालु खर्च प्रगति ३४.४५ प्रतिशत रहेको छ भने कूल पूँजीगत खर्च तर्फको प्रगति १ प्रतिशत रहेको छ ।

४. कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालय विरुद्ध परेका रिट/निवेदनको लिखित जवाफ सम्बन्धित अदालत समक्ष पेश गरिएको। (सम्मानित सर्वोच्च अदालतमा ५ वटा र प्रशासकीय अदालतमा ३ वटा)
- वैदेशिक रोजगार ऐन, २०६४ (तेश्रो संशोधन) लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा सहमतिका लागि कानून. न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- युवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा सहमतिका लागि कानून. न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- राष्ट्रिय रोजगार ऐन, २०८३ को अवधारणापत्रमा सैद्धान्तिक सहमति प्राप्त भएको ।
- स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट प्राप्त "सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक" को मस्यौदामा राय पेश गरिएको ।

- कानून. न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त "**केही नेपाल ऐन संशोधन गर्ने विधेयकका लागि तयार पारिएको मस्यौदा (गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिको अधिकारको प्रचलनका लागि)**" उपर राय पेश गरिएको ।
- प्रत्यायोजित विधायन "श्रम संसार प्रणाली (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३" लाई दर्ता तथा प्रकाशनका लागि कानून. न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- राष्ट्रिय सभाबाट माग भई आए वमोजिम ऐन कार्यान्वयन अवस्थाको जानकारी गराइएको ।

५. <u>सुशासन तथा गुनासो व्यवस्थापन शाखा</u>

- यस अवधिमा हेलो सरकार मार्फत प्राप्त उजुरी एवं गुनासो संख्या १८१५ रहेकोमा ६०४ वटा उजुरी फछ्यौंट भएको र करीब ११०० वटा उजुरी सम्बन्धित मातहत निकायहरुमा पठाइएको छ भने १११ वटा उजुरी प्रक्रियामा रहेको ।
- अभिलेख गरिएका (गम्भिर र मध्यम गम्भिर प्रकृतिका) उजुरीहरुको संख्या ५२६ वटा रहेकोमा सो उजुरीहरु What's App मार्फत वा भौतिक उपस्थिति मार्फत समाधान गरिएको ।
- मौखिक एवं फोनकलबाट (सोधपुछ एवं समस्या) औसत रुपमा दैनिक २० वटा उजुरी आउने गरेकोमा तत्काल समस्या समाधान गरिएको ।
- अवैध एजेन्ट नियन्त्रण अभियान (Illegal Agent Clean up) अन्तर्गत सक्रिय रुपमा विशेष अनुगमन तथा तत्काल कारवाही गरेर निरन्तर अभियान चलिरहेको ।
- पीडित श्रमिक तथा सरोकारवालाहरुको गुनासो तत्काल सुनुवाई गर्न Action Command Center बाट समर्पित डिजिटल तथा टोलफ्री माध्यमहरु What's App / Imo. No. 9768565768, Phone No. 01-4211889/ 9768565768, Tole free No. 181050000190 सबै निरन्तर सञ्चालनमा रहेका छन् भने ती मार्फत प्राप्त उजुरी एवं गुनासोहरुको वास्तविकतालाई ध्यान दिई निरन्तर अनुगमन, अन्तरनिकाय समन्वय तथा प्रगति समीक्षाका लागि नियमित छलफल तथा प्रत्यक्ष ट्र्याकिङ्ग प्रणाली कार्यान्वयन गरिएको ।

(ख) <u>श्रम सम्बन्ध तथा आप्रवासन महाशाखा</u>

१. <u>श्रम सम्बन्ध तथा कल्याण शाखाः</u>

- अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धीहरु Occupational Safety and Health Conventions. १९८१ (No.१५५), Promotional Framework for Occupational Safety and Health Convention, २००६ (No.१८७) को अनुमोदन सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदनको मस्यौदा तयार गरी राय/सहमतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा पठाइएको।
- श्रम ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको प्रारम्भिक मस्यौदा, २०८३ तयार पारिएको ।

- शाखाको संयोजकत्वमा विश्वकर्मा सिमेन्ट प्रा.लि., विरगञ्ज, पर्सा र एस.टी. फेब्रिक्स प्रा.लि., दुहवी, सुनसरीमा देखिएको श्रम विवाद समाधान गर्न मध्यस्थता गठन भई रोजगारदाता र श्रमिक प्रतिनिधि माग गरिएको।
- श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट माग भए बमोजिम पाँच बर्ष पुरा गरेका १० जना विदेशी नागरिकलाई श्रम ईजाजतको म्याद थप गर्न स्वीकृति प्रदान गरिएको।
- औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकहरुको कल्याण प्रवर्द्धन तथा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता विस्तारका लागि क्षेत्रगत निरीक्षण तथा छलफल/अन्तर्किया कार्यक्रमको अवधारणापत्र तथा लागत अनुमान स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको।
- श्रम कानूनको परिपालना सम्बन्धी औद्योगिक करिडोरहरुमा अनुगमन/निरीक्षण/अन्तर्किया कार्यक्रमको अवधारणापत्र तथा लागत अनुमान स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको।
- विभिन्न विषयहरुसँग सम्बन्धित प्राप्त उजुरी/गुनासाहरु सम्बन्धित निकायमा आवश्यक कार्यार्थ पत्राचार गरिएको। यस शाखाबाट ४२ वटा पत्रहरु चलान भएको।

२. **<u>व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखाः</u>**

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३।४।१३ को निर्णयबाट बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएअनुसार संघीय संसद सचिवालयमा उक्त विधयेक दर्ता गरिएको ।
- मिति २०८३।४।२९ गते अर्न्तराष्ट्रिय श्रम संगठन, नेपालको सहकार्यमा नेपालमा कार्यस्थलमा रसायनहरुको सुरक्षित व्यवस्थापन तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति सम्वाद (Policy Dialogue on Safe Management of Chemicals in the Workplace and Occupational Safety and Health in Nepal) कार्यक्रम सञ्चालन गरिएको ।
- बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ को प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ अनुरुप यस मन्त्रालयबाट हालसम्म सशर्त अनुदान प्राप्त गरेका स्थानीय तहहरुलाई लक्षित गरी बालश्रम निवारण एवं बालश्रमुक्त स्थानीय तह घोषणा सम्बन्धी अन्तरक्रिया कार्यक्रम अन्तर्राष्ट्रिय श्रम संगठन, नेपालको सहकार्यमा सुदुरपश्चिम प्रदेशको धनगढी, डडेलधुरा र कर्णाली प्रदेशको वीरेन्द्रनगर र कोशी प्रदेशको विराटनगरमा विभिन्न मितिमा सञ्चालन गरिएको ।
- कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा उपर यस मन्त्रालयको राय/परामर्श माग भई आएकोमा प्रस्तुत विधेयकको मस्यौदा उपर राय/सुझाव पठाईएको।
- यस मन्त्रालयको चालू आ.व. ०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदान प्रदान गर्ने प्रयोजनका लागि यसअघि उपरोक्त अनुसारको सशर्त अनुदान प्राप्त नगरेका स्थानीय तहबाट भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्रस्ताव माग गरिएको ।
- अर्थ मन्त्रालयमार्फत एसियाली विकास बैंक नेपालले Preparation of an Occupational Health and Safety Guidelines for Construction Industry of Nepal को Concept Note मा राय/परामर्श पठाईएको ।

३. **आप्रवासन नीति शाखाः**

- NFMD को पाँचौं संस्करण सञ्चालन गरिएको ।
- श्रम कूटनीतिका सम्बन्धमा कोरिया, जर्मनी UAE, मलेसिया लगायतका महामहिम राजदुतहरुसंग माननीय मन्त्रीज्यूसंग भेटवार्ता गर्नु भएको ।
- जापानको ESDP को MOC सम्बन्धमा Negotiations गरिएको ।

४. **वैदेशिक रोजगार व्यवस्थापन शाखाः**

- वैदेशिक रोजगार ऐन संशोधन सम्बन्धी मस्यौदा तयार गरिएको ।
- वैदेशिक रोजगारसंग सम्बन्धित प्राप्त गुनासोहरुका सम्बन्धमा वैदेशिक रोजगार विभाग लगायतका मातहत निकायहरुमा पत्राचार गरिएको ।
- Migration Report को तयारी गरिएको ।

(ग) **युवा महाशाखा**

१. **सीप विकास समन्वय शाखाः**

- आ.व.२०८३/८४ को वार्षिक कार्यक्रममा रहेको "सीप तथा रोजगार मेला सञ्चालन (७ प्रदेश) कार्यक्रम" अन्तर्गत कोशी प्रदेशको इटहरी सुनसरीमा २०८३ असोज १४ देखि २० सम्म सञ्चालन गरी सम्पन्न भएको ।

२. **रोजगार व्यवस्थापन शाखाः**

- आ.व.२०८३/८४ का लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन स्थानीय तहमा पठाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि ७५३ पालिका सहितको अनलाइन अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- यस मन्त्रालय र राष्ट्रिय बिमा कम्पनी लिमिटेड बीच मन्त्रालयको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत न्यूनतम रोजगारी कार्यक्रम अनुसार ७५३ वटै स्थानीय तहबाट सञ्चालन गरिने रोजगार. सीप तथा उद्यमशीलता कार्यक्रम सञ्चालन तथा सार्वजनिक विकास तथा निर्माणको आयोजनाहरुमा स्थानीय तहमा सूचीकृत बेरोजगारहरुको सूचीबाट खटिने श्रमिक र रोजगार. सीप तथा उद्यमशीलता केन्द्रका कर्मचारीहरुको सामुहिक दुर्घटना बिमा सम्झौता गरिएको ।
- आन्तरिक रोजगार प्रवर्द्धन दशकको रणनीतिक योजना र राष्ट्रिय सार्वजनिक रोजगार सेवा नीतिगत ढाँचा तथा रणनीतिक योजनाको मस्यौदाउपर अध्ययनको लागि समिति गठन भई समितिबाट काम भइरहेको ।
- नेपाल सरकार र दक्षिण कोरिया सरकार बीच द्विपक्षीय सम्झौता भई कार्यान्वयनमा रहेको KOICA "Strengthening Stage Wise Support System for the Stable Reintegration of Korea Returnee Migrants in Nepal–KHaMi" को सन् २०२६/२७ को वार्षिक कार्ययोजना (Yearly Plan of Operation - YPO) स्वीकृत गरी कार्यान्वयनमा रहेको ।

३. **युवा व्यवस्थापन शाखाः**

- युवा सम्बन्धी राष्ट्रिय ऐनको मस्यौदा माथि सर्वसाधारणको रायका लागि मिति २०८३ श्रावण ८ गतेदेखि १८ गतेसम्म यस मन्त्रालयको Website मा राखी प्राप्त सुझावहरु समेत मस्यौदामा समेटी तयार पारिएको मस्यौदामाथि अर्थ मन्त्रालयको राय तथा सुझावका लागि मिति

२०८३।०४।२२ मा अर्थ मन्त्रालयमा पठाइएकोमा मिति २०८३।०५।११ मा राय सुझाव सहितको सहमति प्राप्त भएको । प्राप्त सुझावहरु समेत मस्यौदामा समेटी तयार पारिएको मस्यौदा उपर राय सहमतिका लागि मिति २०८३।०६।३० मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।

- राष्ट्रिय युवा नियमावलीको मस्यौदा समेत सहमतिका लागि मिति २०८३।०६।३० मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।

४. **<u>सूचना प्रविधि तथा तथ्याङ्क शाखा:</u>**

- श्रम संसार प्रणाली (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८३ तर्जुमा गरी स्वीकृत समेत भई कार्यान्वयनमा रहेको ।
- "वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरी बसेका उद्यमीहरुलाई प्रदान गरिने राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण कार्यविधि, २०७६" लाई समसामियक संशोधनका लागि मस्यौदा समिति गठन भई प्रारम्भिक मस्यौदा उपर छलफल भइरहेको ।
- Digital Dashboard सम्बन्धी सूचना प्रविधि प्रणालीको विकास गरी सञ्चालनका लागि स्वीकृतिको प्रक्रियामा रहेको ।
- सीप तथा रोजगार मेला, २०८३ का लागि Job/Skill Seeker र Job/Skill Provider बीच Job Matching र Job Referral सम्बन्धी प्रणाली विकास गरी jobfair.shramsansar.gov.np नामक प्रणाली सातवटै प्रदेशमा सञ्चालन हुनेगरी निर्माणको प्रक्रियामा रहेको ।